टीकापुर नगरपालिका

# प्रथम नगर सभाबाट पारित

आ.व.२०७४/०७५ को नीति,कार्यक्रम र बजेट

*निती, कार्यक्रम*

*र बजेट पुस्तिका*

*आ.व. २०७४.७५*

**तपेन्द्र बहादुर रावल**

**नगर प्रमुख**

**टिकापुर नगरपालिका, टीकापुर, कैलाली**

## मिति २०७४।०५।२६ गते बसेको नगर सभा अधिवेशनको निर्णय :

**निर्णय नं. १ :** टीकापुर नगरपालिकाको चिनारीको लागि तपसिल बमोजिमको नारा तय गर्ने निर्णय गरियो ।
**तपसिल :**

**"कृषि, पर्यटन र पूर्वाधार**
**समृद्ध टीकापुरको आधार"**

**निर्णय नं. २ :** नगरसभा संचालन कार्यविधि, २०७४ बमोजिम टीकापुर नगरपालिकाका प्रमुख एवं नगर सभा अध्यक्ष श्री तपेन्द्र बहादुर रावलज्यूबाट प्रथम नगरसभाको अधिवेशनमा प्रस्तुत भएको चालु आर्थिक वर्ष २०७४।७५ को वार्षिक नीति, बजेट तथा कार्यक्रम सहित तपसिल बमोजिमको विवरणहरु समावेश भएको विनियोजन विधेयकलाई नगरसभा संचालन कार्यविधि २०७४ को दफा १६(२) बमोजिम पारित गर्ने निर्णय गरियो ।

### टीकापुर नगरपालिका
### प्रथम नगर सभामा प्रस्तुत
### आर्थिक वर्ष २०७४/७५ को नीति, कार्यक्रम तथा बजेट

**नगर सभाका उपाध्यक्ष तथा सदस्यज्यूहरु ,**

जनताको सदियौंदेखिको त्याग र बलिदानबाट स्थापित संविधान सभाले संघिय लोकतान्त्रिक गणतन्त्र सहितको संविधान जारी गरिसकेपछि पहिलो पटक सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित यो जनप्रतिनिधि मूलक नगरसभामा टीकापुर नगरपालिकाको प्रमुखका हैसियतले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा मलाई गौरवमहसुस भएको छ । यस ऐतिहासिक घडीमा म सर्वप्रथम जनआन्दोलन २०६२/०६३ तथा लोकतन्त्रका लागि इतिहासका विभिन्न कालखण्डमा भएका वाम तथा प्रजातान्त्रीक आन्दोलनमा आफ्नो ज्यानको आहुती दिने ज्ञात अज्ञात सहिदहरु प्रति श्रदा प्रकट गर्न चाहान्छु ।हामीलाई आफ्नो अमूल्य मतदिएर यो ऐतिहासिक अभिभारा प्रदान गर्नुहुने सम्पूर्ण नगरवासीहरु प्रति हार्दिक आभार प्रकट गर्दछुँ । निरन्तरताको दिसा बदल्ने ति महत्वपूर्ण क्षणमा समाजलाई अगुवाई गर्ने हाम्रा ति सबै विचार र आस्थाबाट निर्देशित महान अग्रजहरु प्रति उच्च सम्मान समेत प्रकट गर्न चाहान्छु र टीकापुरलाई इतिहासका विभिन्न मोडहरुमा आफ्नो कुसल नेतृत्व प्रदान गरी अहिलेको अवस्था सम्म ल्याउनुहुने सम्पूर्ण अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

कर्णाली नदीको तटिय अवस्थितीले शुसज्जितसुदूरपश्चिमको प्रवेशद्धार यो सुन्दर नगरी टीकापुर स्वच्छ हावापानी र बाताबरणीय दृष्टिले मात्र होइन, नमूना शहरीकरणका कारण पनि प्रशिद्ध रहेको कुरा मैले स्मरण गराई रहनु पर्दैन । यसका साथै टीकापुर पार्क, विविधतायुक्त साँस्कृतिक संगमता, डल्फीन क्षेत्र लगाएतका सम्भावनाहरुले हाम्रा भावी दिनहरुलाई सुखी र समृद्ध बनाउने कुरामा शंका छैन ।सम्भावनाहरुले आफै साकार रुप लिदैनन त्यसका लागि सपना देख्नु जरुरी छ र हामीसँग रहेका अथाह सम्भावनाहरुलाई पनि साकार पार्न नीति बनाई कार्यान्वयन गर्न अव ढिला गर्न हुदैन । टीकापुरलाई आधुनिक शहर बनाउन दातृनिकाय,संघसंस्था र संघिय सरकार सहयोगी बन्न सक्छन साथै यसका लागि हामीले सपना देख्नु अनिवार्य छ र हामीले सपना देख्ने थलो समेत यहि जनप्रतिनिधि मूलक निकाय हो । यो ऐतिहासिक नगर सभाको तयारीका सिलसिलामा हामीले टीकापुरवासीको प्रतिनिधित्व हुने गरि प्रयाप्त छलफल गर्ने प्रयास गरेका छौं । नगरपालिकाले विकासका लागि सबै पक्षको सहयोग सल्लाह लिन भोलीका दिनमा कन्जुसाई नगर्ने वाचा गर्दछु । नगरको विकासमा सबै क्षेत्र संगको सहकार्यलाई अझ फराकिलो बनाउदै लगिनेछ ।

विभिन्न जात जातीले मनाउने चाँडपर्वहरु, बोलिने भाषाभाषीहरु र मौलिक संस्कृतिहरुले हाम्रो समाजलाई अझ समृद्ध बनाएको छ । यीनै विविधतायुक्त सांस्कृतिक संगमतालाई विकसित गर्दै लैजान सकिए सामाजिक सद्भाव र भाईचारा समेत बढ्ने कुरामा दुईमत हुन सक्दैन । **अनेकतामा एकता र संस्कृतिमा विविधता** टीकापुरको पहिचान बनाएर अगाडी बढ्नु हाम्रालागि अपरिहार्य छ । निर्वाचित जनप्रतिनिधिका हैसियतले हामी नगरवासीहरुका चाहाना र भावनाहरुलाई उच्च सम्मान गर्दै मन बचन र कर्मले सदैब सेवारत रहने प्रतिवद्धता समेत प्रकट गर्दछु ।

**नगर सभाका उपाध्यक्ष तथा सदस्यज्यूहरु,**

टीकापुर नगरपालिका कैलाली जिल्लाको पूर्वी क्षेत्रको आर्थिक तथा सामाजिक अन्तरसम्बन्धको केन्द्र मान्न सकिन्छ । नेपाल भारत जोड्ने मोहना नदी, पूर्वी क्षेत्रमा बग्ने कर्णाली नदी, पर्यटकीय स्थल, उर्वर भुमी, व्यवस्थित शहर जस्ता प्रशस्त आधारशीला बोकेको टीकापुर नगरपालिका आफैमा विशिष्ट पहिचान बनाउन सक्ने संभावना रहेको नगरपालिका हो ।

उपरोक्त सकारात्मक पक्षका वावजुद वाढी तथा नदी कटान, फोहरमैला व्यवस्थापन तथा वातावरण प्रदुषण, खानेपानी, सडक यातायात तथा ढल व्यवस्थापन, शिक्षा, स्वास्थ्य र सार्वजनिक प्रति जग्गाको अतिक्रमण जस्ता समस्याहरु नगरपालिकाले व्यहोरीरहेको तितो यथार्थ सबैका सामु छर्लङ्ग छ ।

स्थानिय सरकारको भुमिका निर्वाह गरीरहेको यस नगरपालिकाले हाल सिमीत श्रोत र साधनबाट कार्यसंचालन गर्नुपर्ने चुनौती एकातर्फ छ भने अर्को तर्फ जनअपेक्षालाई सम्वोधन गर्नु पर्ने जटीलता विद्यमान छ । यद्यपी नगरवासीहरुको हित र सुविधाका लागि उपलव्ध स्रोत र साधनलाई अधिकतम उपयोग गरी समुन्नत नगर निर्माणको अभियानमा मेहनतका साथ हामी अग्रसर भैरहेका छौं ।

टीकापुर नगरलाई देशको नमुना शहरको रुपमा विकास गरी नगरवासीको सपना साकार पार्ने र सवै देशवासीलाई टीकापुर तर्फ आर्कषित गर्न यहाँ रहेका पार्क, उद्यान, नदी, ताल आदीलाई पर्यटकिय दृष्टिकोणले उपयोग गरी नगरपालिकाको आयश्रोत वृद्धि गर्ने प्रक्रियामा हामी लागि रहेका छौं ।

नीति कार्यक्रम तथा वजेट तय गर्ने क्रममा विभिन्न चरणमा सरकारी तथा गैर सरकारी निकायका प्रमुखहरु, वृद्धिजिवी वर्ग, पूर्व जनप्रतिनिधीज्यूहरु, संचारकर्मी तथा राजनैतिक दलका प्रतिनिधिहरुसंग छलफल तथा अन्तरक्रियाका माध्यमवाट प्राप्त राय सुझावहरुलाई समेटने प्रयास गरीएको छ, जसले गर्दा नीति तथा कार्यक्रम कार्यान्वयनमा सहजता आउने अपेक्षा गरीएको छ ।

नगर विकास योजना तर्जुमा गर्दा स्थानीय निकाय स्रोत परीचालन कार्यविधी २०६९, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन लगायत विभिन्न नीति नियमको आधार, राज्यले अंगीकार गरेका समावेशी सिद्धान्त लगायतलाई ध्यानमा राखी वडा समितिवाट छनौट भएका र योजना छनौट प्रक्रिया पुरा गरी आएका योजनाहरुलाई विभिन्न समिति हुँदै कार्यपालिकामा छलफल पश्चात सिफारिस भएका योजनाहरुलाई नगरसभामा पेश गरीएको छ ।

नगरको सवै क्षेत्रमा समान रुपले स्रोतको उपयोग होस भन्ने उद्धेश्यका साथ प्रत्येक वडामा समानुपातिक वजेट र जनसंख्या तथा भुगोलको आधारमा वजेट विनियोजन गरीएको छ ।

**नगर सभाका उपाध्यक्ष तथा सदस्यज्यूहरु,**

विभिन्न क्षेत्र, समुदाय, व्यक्तित्व लगायत नगर कार्यपालिकाका सदस्यज्यूहरुसंगको छलफल सुझाव र नीतिगत तथा कानुनी व्यवस्थाका आधारमा वार्षिक नीति कार्यक्रम तथा वजेट पेश गरीएको व्यहोरा स्मरण गराउन चाहन्छु ।

**वार्षिक नीति कार्यक्रम तथा वजेट तयार गर्दा निम्न आधारहरु लिईएको छ ।**

*बार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्दा लिईएका आधारहरु :*

- नेपालको संविधानको अनुसूचि ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,
- संघिय सरकारले अंगिकार गरेको चौधौं आवधिक योजनाले निर्धारण गरेको लक्ष्य, नीति तथा प्रथमिकताहरु,
- संघिय सरकारले अंगिकार गरेका आर्थिक तथा वितिय नीतिहरु,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्था सम्बन्धी आदेश २०७४को व्यवस्था,
- नेपाल सरकारबाट प्राप्त बजेट सिलिङ्ग र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- राजनीतिक दलहरुबाट प्राप्त सुझाबहरु,
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझाबहरु,
- राजस्व परामर्श समितिको प्रतिवेदन
- विगत बर्षहरुमा सम्पन्न भएका नगर परिषदका बैठकहरुबाट भएका निर्णयहरु,
- नगर कार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,
- स्रोत परीचालन निर्देशिका २०६९,
- वजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७४,
- वजेट सिमा निर्धारण तथा स्रोत अनुमान समितिको सुझाव

**उपरोक्त आधारहरुको माध्यमवाट टीकापुर नगरपालिकामा आर्थिक वर्ष २०७४/७५का लागि निम्न मुख्य मुख्य नीतिहरु अवलम्वन गरीएको छ ।**

१. नगरवासीको माग वमोजिम पूर्वाधार विकासमा प्राथमिकता दिने, सहरी क्षेत्रमा सतह ढल र व्यवस्थित ढल निकास गर्ने कार्य अगाडी वढाउन नेपाल सरकार तथा अन्य दातृ निकायसंग सहकार्य गरी कार्य अगाडी वढाईनेछ ।

२. टीकापुर वंगलापार्क लगायतका अन्य पर्यटकिय स्थलको योजनावद्ध विकास गरी टीकापुर नगरलाई पर्यटकीय नगरको रुपमा विकास गरीनेछ ।

३. कृषि क्षेत्रमा क्रियाशिल निकायहरुसंग समन्वयात्मक भूमिका निभाउदै व्यवसायिक उत्पादन र बजारीकरण गर्ने कार्य गरिनेछ ।

४. नगरस्तरीय योजनाहरुलाई नगरपालिकाका गौरवका योजनाको रुपमा अगाडी वढाइनेछ।

५. क्रमागत योजनाहरुलाई प्राथमिकता दिइनेछ ।

६. नगरवासीमा सेवाप्रवाह प्रभावकारी वनाउन वडा कार्यालयहरुलाई यथाशक्य छिटो व्यवस्थित गरिनेछ ।

७. सौर्य सडकवत्ती जडान कार्यलाई निरन्तरता दिइनेछ ।

८. नगर विकास गुरुयोजना र नगर पार्श्वचित्र (Municipal Profile) तयार गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडी वढाइनेछ ।

९ नगर क्षेत्रमा समानुपातिक विकासका लागि प्रत्येक वडालाई समानुपातिक वजेट र भुगोल तथा जनसंख्याका आधारमा थप वजेट उपलव्ध गराईनेछ ।

१०. न.पा.को स्वीकृती नलिई जग्गा प्लटिङ्ग गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

११. छाडा पशु व्यवस्थापन गर्ने कार्यलाई तत्काल सुरु गरीनेछ ।

१२. प्रकोप व्यवस्थापन कोषमा उपर्युक्त वजेट व्यवस्था गरीनेछ ।

१३. संस्थागत क्षमता विकासमा जोड दिदै सेवा प्रवाहलाई चुस्त दुरुस्त वनाइनेछ ।

**यसका साथै निम्नानुसारका विषयगत क्षेत्र सम्वन्धि थप नीतिहरु अवलम्वन गरीनेछ ।**

**१. पूर्वाधार विकास सम्वन्धि नीति /कार्यक्रम**

- नगर स्तरिय भौतिक पुर्वाधारका संरचनाहरु निर्माण गर्दा न.पा.ले ब्यहोर्नु पर्ने आबश्यक बजेटका लागि समपुरक कोषको ब्यवस्था गरिनेछ ।
- नगरपालिका क्षेत्रको दिर्धकालिन ढल निकासका लागि आवश्यक कार्य गरिनेछ ।
- शहरी क्षेत्रमा सडक निर्माण गर्दा दायाँ बायाँ पक्की नाली सहितको कालोपत्रे सडक निर्माण गरिनेछ।
- शहरी क्षेत्रमा नया निर्माण गरिने तथा निर्माण भैसकेका सडकहरुको दांया बांया हरियाली बृद्धि गर्न आवश्यक परिमाणमा बृक्षारोपण कार्य गरिनेछ ।
- नेपाल सरकारले शशर्त अनुदानमा तोकेको शर्त बाहेका अन्य निशर्त अनुदानबाट संचालीत कार्यक्रममा चालु आ.व.२०७४/०७५ मा सम्झौता भई कार्यान्वयन हुने आयोजनाहरुमा कालोपत्रे सडक तथा पुल पुलेसा निर्माण कार्यमा जनसहभागिताका साथै लागत साझेदारीको अनुपात ८०:२०, ग्राभेल र माटो पटानी (फिलिङ्ग)जस्ता कार्यमा ७०:३० र तटबन्धन,भवन आदी निर्माणमा जनसहभागिताका साथै लागत साझेदारी ८५:१५ को अनुपातमा रहनेछ ।
- नगर यातायात गुरुयोजना (Municipal Transporation Master Plan) तयारी अन्तिम चरणमा रहेको हुँदा सोको आधारमा सडक योजना तयार एवं कार्यान्वयन गरिनेछ र यस न.पा. का वडा नं. ६, ७, ८ र ९ लाई (साविकको नारायणपुर र धनसिंहपुर गा.वि.स) समेटीने गरि अन्तिम प्रतिवेदन तयार गरी कार्यान्वयन गरिनेछ ।
- अव्यवस्थित बसोवासलाई व्यवस्थापन गर्न अध्ययन गरिनेछ ।
- मुक्त कमैया तथा सुकूम्वासी समस्या समाधान गर्न आवश्यक पहल गरिने छ ।
- नगरपालिका क्षेत्र भित्र चक्रपथ निर्माणलाई प्राथमिकता दिनुका साथै Municipal Transporation Master Planमा परेका मुख्य सडकहरुको विस्तार एवं स्तरोन्नती गरिनेछ ।
- यस चालु आ.व.देखि नगरयोजना कार्यान्वयन गर्दा योजनाको सम्झौता तथा योजना फरफारक गर्दा Pre-project /Under construction phase /Post project photo को नीति अवलम्बन गरिनेछ ।
- न.पा. भित्र रहेका सबै सडकहरुको नामाकरण गरि सो सडकको क्षेत्राधिकारको मापदण्ड स्पष्ट गर्ने नीति लिईनेछ, Right of Way तोक्ने काम गरिनेछ ।
- सञ्चारकर्मीहरुको क्षमता विकासको कार्यक्रम सहित विकास निर्माण तथा सामाजिक पूर्वाधार लगायतका कार्यलाई उत्प्रेरित गरि प्रचार गर्न सहयोग पुरयाउने संचारकर्मीलाई प्रोत्साहित गरिनेछ ।
- न.पा.को स्वामित्वमा रहेका, भोगचलन तथा संरक्षणमा रहेका भवन,जग्गा जमिन र प्राकृतिक सम्पदाको संरक्षण सम्बर्द्धन र प्रवर्द्धनमा जोड दिईनेछ ।
- भौतिक पुर्वाधार निमाण कार्यहरुमा दिगोपन तथा गुणस्तरियता कायम गर्न प्रभापकारी अनुगमन पद्धतिलाई विषेश प्राथमिकता दिईनेछ ।
- टिकापुरको बिशिष्टीकरण पहिचान कायम गर्ने खालका आयोजना तथा कार्यक्रमहरु संचालन गर्ने नीति लिईनेछ ।
- यस चालु आ.व.का कार्यक्रम सञ्चालन गर्दा तोकिएको मापदण्ड बमोजिम तोकिएको समयमा नै योजना सम्पन्न तथा फरफारक गर्ने उपभोक्ता समितिलाई मुल्याकंनका आधारमा सम्मान गरिनेछ
- टीकापुर पार्क लगायत यस न.पा.क्षेत्र भित्रका अन्य पार्कहरुको गुरुयोजना तयार गरि सो अनुसार पूर्वाधार निर्माण कार्यको शुरुवात गरिनेछ ।
- नगरपालिकाका आफ्नै वडा कार्यालयको नाममा जग्गा भएका वडा कार्यालयको भवन क्रमश: निर्माण गर्ने गरि कार्य योजना बनाईनेछ साथै जग्गा नभएका वडा कार्यालहरुलाई जग्गा खरिद गरि व्यवस्थापन गर्न प्राथमिकता दिईनेछ ।

- एकिकृत शहरी विकास योजना (Integreated Urban Development Plan) लागू गर्नको लागि संघिय सरकार समक्ष पहल गरिनेछ ।
- वडा नं.७ को ओजुवा ताल,डल्फीन क्षेत्र लगायत बेतबास उत्पादनको गुरुयोजना बनाई सो क्षेत्रको पूर्वाधार विकासमा जोड दिई आय आर्जन लगायत पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गा, ओपन स्पेस,खेल मैदान र सडकहरुको अतिक्रमण गर्ने कार्यलाई रोक्न प्रभावकारी योजना बनाई ओपन स्पेसहरुलाई बहुउद्यानको रुपमा विकास गरीनेछ ।
- मुख्य शहरी क्षेत्रलाई सुन्दर र व्यवस्थित गराउनको लागि पार्किङ्ग स्थलको व्यवस्था गरी ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।
- टीकापुर नगरलाई स्मार्ट सिटीको रुपमा विकास गर्नका लागि आवश्यक पहल गरिनेछ ।
- यस नगरपालिका क्षेत्र भित्र रहेका बसपार्कहरुको न.पा.को आफनै स्रोत तथा दातृ निकायको खोजी गरी उचीत व्यवस्थापन,संरक्षण तथा विकास गरिनेछ ।
- क्रमागत योजनाहरुलाई पहिलो प्राथमिकता दिदै एक वडा एक कालोपत्रे सडक कार्यक्रम संचालन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।
- लम्की-टीकापुर-खकौला सडकलाई चार लेनको सडक निर्माण गर्न संघीय सरकार समक्ष पहल गरिनेछ ।
- बर्दिया जोडने सनकटी घाट,दौलतपुरघाट, पथरैया नदीको बाणी, भर्तापुर र पुछरी स्थित जमरा नदीमापक्की पुल निर्माण गर्न संघिय सरकार अन्य दातृ निकाय समक्ष पहल गरिनेछ ।
- खकौला भन्सारलाई मूल भन्सार बनाउन आवश्यक पहल गरिनेछ ।
- बाडी पीडीत क्षेत्रहरुमा उच्च घर बनाउने साथै अन्न भण्डारण भवन निर्माण गर्न पहल गरिनेछ ।
- नगरपालिकामा सरकारी, गैरसरकारी तथा निजी घर, भवन निर्माण गर्ने निर्माण व्यवसायीलाई निर्माण व्यवसायी समितिसंगको सहकार्यमा भवन निर्माण सम्बन्धी तालिम प्रदान गर्ने व्यवस्था गरिनेछ साथै न.पा.बाट निर्माण गरिने सरकारी भवनहरु वालमैत्री तथा अपांगमैत्री बनाईनेछ ।
- नगरपालिका क्षेत्र भित्र भवन निर्माण गर्ने निर्माण व्यावसायी नगरपालिकामा सूचिकृत भएको र नगरपालिका वा नेपाल सरकारबाट मान्यताप्राप्त संस्थाबाट वस्ति विकास तथा शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड-२०७२, जारि भै सकेपछि नयाँ मापदण्ड बमोजिम तालिम प्राप्त व्याक्ति वा संस्थालाई मात्र स्वीकृती दिईनेछ ।
- नगरपालिकामा पछि समावेश भएका साविकको नारायणपुर र धनसिंहपुर गाविसमा नक्सा पास नभएका घरहरु सम्बन्धमा नेपाल सरकारले जारी गरेको मापदण्ड बमोजीम गरिनेछ ।
- भवन निर्माण स्विकृति दिदा **"एक घर तिन विरुवा"**को नीति अवलम्वन गरिनेछ । त्यस्ता भवनलाई निर्माण सम्पन्न प्रमाण पत्र दिंदा सो व्यवस्थालाई अनिवार्य गरिनेछ ।
- नगरपालिकाको शहरी क्षेत्रमा यसै आ.व.बाट **House Numbering** कार्यक्रमको शुरुवात गरिनेछ।
- टीकापुर बंगला बृहत पार्कमा भ्यूटावर निर्माण गर्ने र कर्णाली नदीको किनारलाई Treking zone (ट्रेकिङ्ग, जोन) को रुपमा विकास गरिनेछ ।
- यस नगरपालिकाको भु-उपयोग योजना तयार गरि लागु गरिने र भुमी खण्डीकरण कार्यलाई निरुत्साहित गर्ने निति लिईनेछ ।
- यस नगरपालिकाले प्रत्येक बर्षलाई अभियान बर्षको रुपमा घोषणा गर्दै जाने निति अवलम्वन गरिनेछ ।
- प्रबेशद्धार निर्माण कार्यलाई प्राथमिकता दिईनेछ ।
- अव्यवस्थित जग्गाहरुलाई व्यवस्थित गर्न भोगचलनका आधारमा ऐलानी, प्रति जग्गाहरुको नाप नक्सा सहित स्वामित्व कायम गर्न जग्गाधनि प्रमाण पुर्जा बितरणका लागि पहल गरिनेछ ।
- मोहनाघाट र कर्णालीनदीको दोभानमा डल्फिन संरक्षण केन्द्र स्थापना गर्न पहल गरीनेछ।

- टीकापुर नगर क्षेत्र भित्र आवश्यक स्थानमा व्यवस्थित बसपार्क निर्माण तथा संचालनको व्यवस्था मिलाईनेछ ।
- टीकापुर नगरको उपयूक्त स्थानमा व्यवस्थित मसानघाट निर्माण तथा संचालनको व्यवस्था मिलाईनेछ ।
- भवन मापदण्ड २०७२ वमोजिम पूर्वपास भै सकेका ६ मीटर भन्दा कमको बाटोमा नयाँ बन्ने घरहरुको हकमा भवन मापदण्ड २०७२ अनुसार मिल्ने गरी सेट ब्याक छोडेर नियमित गरिनेछ ।

## २. आर्थिक विकास सम्वन्धि नीति :

### पर्यटन

१.नगरपालिकाको आय आर्जनको ठुलो श्रोतको रुपमा रहेको र यस टीकापुर नगरपालीकाको पहिचानको रुपमा रहेको टीकापुर पार्कलाई गौरबमय आयोजनाका रुपमा लिई बजेट बिनियोजन गरिने नीति लिईनेछ ।

२. पर्यटनको सम्भावनाको रुपमा रहेको ओजुवा ताल विकासका लागी पहल गरिनुका साथै थप पर्यटकीय क्षेत्रपहिचान सरक्षण गरी क्रमश प्रबर्धन गर्दै लगिने छ ।

३. कर्णाली रिभर कोरिडर निर्माण गरि कर्णाली नदीमा राफ्टिंग व्यवस्थापन गर्ने निति लिइनेछ ।

### उधोग तथा वाणीज्य

१. स्थानीय कच्चा पदार्थमा आधारीत व्यवसायीक तथा आयआर्जन हुने आधार पहिचान गरी सीपविकास तालीम सचालन गरी उधमशीलतामा आधारीत लघु तथा घरेलु उधेग विकास तथा प्रवर्द्धन गरिनेछ ।

२.टीकापुर नगर उद्योग वाणिज्य संघको सहकार्यमा यस टीकापुर नगर क्षेत्र भीत्रका उद्योग तथा व्यापारसंग सम्बन्धित संस्थाहरुको अभिलेखन गरिने छ । यसवाट करको क्षेत्र पनि फराकिलो हुनेछ ।

३. उपभोक्ता संरक्षण र हितका लागी वजार अनुगमन, खाद्य अखाद्य वस्तुहरुको सुपरिवेक्षण गर्ने निति लिइनेछ ।

४.टीकापुर नगरीलाइ औद्योगीक नगरीको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।

### सहकारी

१. यस न.पा..पा. अन्तर्गत रहेका सहकारी सस्थाको तथ्याङ्क संकलन गरी प्रकृति अनुसार सहकारी छुट्याइ कम्तीमा एक वडा एक व्यवस्थित सहकारी नीतिलाइ प्रयेगमा ल्याइनेछ ।

२. स्थानीय मैत्री तथा उत्पादनशिल सहकारी संस्था तथा सदस्यहरुको सीप विकास तथा क्षमता विकासका लागी र सहकारी क्षेत्रको प्रर्वधनका लागी आवश्यक कार्यक्रमहरु क्रमस लागु गर्ने निती लिइनेछ ।

३. नागरीकहरुका आयआर्जन हुने किसीमका कार्यक्रम तथा क्षेत्रहरु जस्तै केरा खेती, कुखुरापालन आदिको पहिचान गरी त्यस किसीमका कार्यक्रमलाइ क्रमशः प्रवर्द्धन गरिनेछ ।

### वजेट तथा स्रोत परिचालन

१. आम्दानीको महत्वपुर्ण स्रोतको रुपमा रहेको आन्तरीक श्रोत (कर) को क्षेत्र, दायरा, र प्रशासनलाई क्रमशः फराकिलो पार्दै वडागत रुपमा सकलन हुने राजश्वलाइ व्यवस्थीत र वैज्ञानीक वनाउने निति लइने छ ।साथै थप आयआर्जन हुने क्षेत्र तथा स्रोतको पहिचान गरि व्यवस्थित गर्दै लगिनेछ ।

२. महालेखा परिक्षकको कार्यालयले तोकेको ढाचामा व्यवस्थित, वैज्ञानिक र प्रणालीवद्ध रुपमा सचालन गरी वित्तीय अनुशासन सहितको पारदर्शिता र वित्तिय जवाफदेहीताको निति अवलम्वन गरिने छ ।

३. केन्द्र, वडातथा विषयगत शाखावाट सचालन हुने योजना तथा कार्यक्रमहरुको सचालन, व्यवस्थापन र भुक्तानी प्रणालीमा एकरुपता ल्याउन कार्य सचालन निर्देशीका तयार गरी लागु गरिनेछ ।

४. यस न.पा. बाट संचालित कार्यक्रम र अनुदान कार्यक्रमहरुबाट वितरण गरीएका नगद तथा बस्तुगत सहायताहरुको उपयोगीताको अनुगमन गरी दण्ड र पुरस्कारको ब्यबस्था गरिनेछ ।

५. चालु आ.व. देखि वडा कार्यालयबाट संचालन हुने आयोजना तथा कार्यक्रमहरुलाई वडा कार्यालयमा खाता खोलि आर्थिक कारोवार संचालनको व्यवस्था मिलाइनेछ ।

**कृषि**

१.कृषि उत्पादन अभिवृद्धि एव वजार प्रवर्द्धनका लागी टेवा पुर्याउने, प्राङ्गारीक खेतीलाइ प्रवद्धन गर्ने, स्थानीय जडिवुटी प्रयोगमा ल्याइ चेतना अभिवृद्धि गर्ने किसिमका कार्यक्रम सचालन गरिने छन ।

२. स्थानिय स्तरमा रोजगारी अभिवृद्धि गर्न तरकारी खेति, केरा खेती ,फलफुल खेती, खाद्यान्न वाली, माछा पालन जस्ता व्यवसायीक कृषि कार्यक्रम सचालनलाइ प्रोत्साहन गरिनुका साथै कृषि बिमा कार्यकम र माटो परिक्षण कार्यक्रमहरुलाइ प्रबर्धन गरिनेछ ।

३. कृषिका कार्यक्रमहरु कृषक समुह वा सहकारी मार्फत कृषकको माझमा लैजाने, महिला कृषक समुहहरुलाइ वढी सक्रिय वनाउने र वीउ विजन उत्पादनको कार्यक्रम ल्याई विउ विजन आपुर्ति गरिनेछ ।

४.कृषिमा आधुनिकिकरण ल्याउन एक वडा एक उत्पादनको अवधारणा, वाली विकास कार्यक्रम विकासका साथै साना सिचाई तथा अन्य मेसनरी औजार प्रयोगमा ल्याउन कार्यक्रम सचालन गरिनेछ ।

५.अर्गानीक खेति गर्ने किसानहरुलाई प्रोत्साहित गरिनुका साथै किसान परिचयपत्र कर्यक्रमलाई प्रबर्द्धन गरिनेछ ।

**पशु सेवा**

१. उत्पादकत्व वृद्धि गर्न पशुहरुमा नश्ल सुधार , पशु स्वास्थ्य सेवा, पशुपक्षी रोग नियन्त्रण तथा उपचार सेवा लाई सचालन तथा प्रवर्द्धन गरिनेछ ।

२.पशुहरुका लागी खोप केन्द्र स्थापना, पशु हाटवजार, पशुपक्षी बधशाला, कृत्रिम गर्भाधान केन्द्र स्थापना, पशु विमा कार्यक्रमलाई प्रोत्साहन गरी लक्षित समुह पहिचान गरी पशु पक्षी सम्बन्धी कार्यक्रम सचालन गरिनेछ ।

३.सरकारको नितीअनुरुपकापशु उपचारका औषधी उपलव्धता गरिनुका साथै सेवाग्राहीवाट नियमित रुपमा सेवा वाफतको शुल्क लिने व्यवस्था गरिनेछ ।

४.नितिगत रुपमा पशुपंक्षी फर्म दर्ता, समुह समिति दर्ता, अद्यावधिक तथा संचालन गरी पशु विकास कार्यलाइ थप सशक्त गर्दै लगिनेछ ।

५. छाडा पशु चौपाया नियन्त्रणका लागी आवश्यक कार्यक्रम ल्याई व्यवस्थित गरीनेछ र घरमा पालीएका गाइको निशुल्क बिमा गरिनेछ ।

६. नगरभित्रका भुमिहिन सुकुम्वासी र मुक्त कमैयाहरुका लागि ब्यवस्थीत आवास स्थापना गर्न चालु आ.व. २०७४।७५ मा सम्भाब्यता अध्ययन गरिने छ र सो का लागि संघिय सरकार र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था संग सहकार्य गरिनेछ ।

**३. वातावरण तथा विपद व्यवस्थापन सम्वन्धि नीति :**

- दिर्घकालिन फोहरमैला ब्यवस्थापनका लागि Land fill site को सम्भाब्यता अध्ययन गरि यसै बर्ष स्थान छनौट गरिनेछ ।
- फोहरमैलाको संकलन एवं ब्यवस्थापनमा स्थानीय समुदाय, गैर सरकारी संस्था र निजि क्षेत्र संग सहकार्य गरिनेछ ।
- नगर भित्रका खानेपानी पहुच नभएका स्थानहरुमा खानेपानी बिस्तारका लागि पहल गरिने छ।
- जलवायु परिवर्तन अनुकूलनका लागि स्थानीय स्तरमा भौतिक पूर्वाधारहरुको विकास तथा विस्तार गरिनेछ
- सर्वसाधरणको स्वास्थ्य क्षेत्रको विकासका लागि गाऊँ तहमा सेवा पुऱ्याउन महिला स्वास्थ्य स्वंय सेवीकाको क्षमता बिकासका साथै स्वास्थ्य सेवा सुविधालाई वडा तहसम्म पुऱ्याउने कार्यलाई निरन्तरता दिने नीति कायमै राखिनेछ ।
- खुला दिशा मुक्त क्षेत्र घोषणा गर्ने कार्यलाई प्रभावकारी बनाउंदै वातावरण संरक्षणका लागि नक्सा पास गर्ने क्रममा शौचालय तथा वृक्षारोपण सम्बन्धी ब्यवस्थालाई कडाईका साथ लागू गरिनेछ ।

- नगरको सुन्दरतालाई कायम राखी हरियाली वृद्धि गर्न साझेदारीमा वृक्षारोपण तथा संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- फोहोरमैलालाई व्यवस्थित ढंगले विसर्जन गर्ने काममा सामुहिक उत्तरदायित्व बहन गर्न प्रेरित गर्ने नीति लिईनेछ ।
- सडकपेटी किनारामा फुल रोप्ने र सुहाउंदो वृक्षारोपण गरि नगरको सौन्दर्यतामा वृद्धि तथा वातावरण सन्तुलनमा योगदान पुरयाउने नीति लिइनेछ ।
- प्रकोपको प्रभावसंग मुकाविला गर्न नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्ने र रेडक्रस, सुरक्षा निकाय र अस्पताल लगायत अन्य निकायसंग समन्वय गरि Rapid Resque Team बनाई सहकार्य गर्ने नीति लिईनेछ ।
- शुद्ध मासु बिक्रि वितरणका लागि पूर्वाधार निर्माण गरि पशुस्वास्थ्य कार्यालय र मासु व्यावसायी संग सहकार्य गर्ने नीति लिईनेछ ।
- प्रकोप व्यवस्थापनका सन्दर्भमा पूर्व सूचना प्रणालीको विकास गर्न विज्ञान तथा वातावरण मन्त्रालयसंग सहकार्य नीति लिईनेछ ।
- आगलागि, भूकम्प, झाडापखाला, महामारी चट्टयाङ, एच.आई.भी.एड्स आदिको संभावना, जोखिम र यसको न्यूनिकरण तर्फ जनचेतना वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- प्राकृतिक प्रकोपबाट पिडित नगरवासीहरुलाई राहतको ब्यवस्था गरिनेछ ।

**४.सामाजिक विकास सम्वन्धि नीति :**

- आवश्यकता र जनघनत्व भएका क्षेत्रमा विद्यालय स्थापना गरिने छन ।
- शिक्षा ऐन, नियमावली विपरित खोलिएका जनघनत्व कम, न्युन शैक्षिक उपलब्धी तथा न्युन शिक्षक दरबन्दी र अभिभावकलाई आर्थिक भार वहन गर्नु परेका विद्यालयहरुको गहन अध्ययन गरी पायक पर्ने नजिकको विद्यालयमा Mergeगर्ने व्यवस्था आगामी शैक्षिक सत्रबाट शुरु गरिनेछ।
- सबै विद्यालयमा शैक्षिक गुणस्तर, समता र सक्षमता अभिवृद्धि गर्न आवश्यक शिक्षक दरबन्दी, र अभाव भएका भौतिक पूर्वाधार, शैक्षिक सामग्रीको व्यवस्थापन संघीय सरकारको समन्वयमा क्रमशः विकास गरिनेछ ।
- आवश्यक पाठ्यसामग्री, पाठ्यपुस्तकको अभाव हुन नदिन सम्बन्धित निकाय संग समन्वय, सल्लाह गरी व्यवस्थापन गरिनेछ ।
- समय सापेक्ष रुपमा प्राविधिक शिक्षालाई सबैको पहुंचमा पुऱ्याउन नेपाल सरकार, शिक्षा मन्त्रालय, विभाग संग परामर्श गरी सुलभ गरिनेछ ।
- ICT (Information and Communication Technology) लाई प्राथमिकिकरण गरी पढाईको माध्यम बनाउने क्रममा स्थानिय सरकार लागि पर्नेछ ।
- प्रारम्भिक बालविकास केन्द्रको स्थापना तथा गुणस्तर सुधारमा प्रोत्साहन गर्नुको साथै गुणस्तरीय जीवनोपयोगी, सीपमूलक र रोजगारमूलक शिक्षामा जोड दिईनेछ ।
- गरिब, लोपोन्मुख अल्पसंख्यक, अति सिमान्कृत जाती, आदिवासी/जनजाती, पूर्व मुक्तकमैया, दलित, अपाङ्गता भएका व्यक्ति, र अनाथ बालबालिकाहरुलाई बिषेश छात्रवृति कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालमैत्री स्थानीय शासन कार्यक्रमलाई अवलम्बन गरी नगर क्षेत्रमा बनी सकेका विद्यालयहरुमा बालमैत्री संरचना तयार गर्न प्रोत्साहीत गर्नुको साथै नयाँ निर्माण हुने भौतिक संरचनाहरुलाई बालमैत्री बनाउन लगाईनेछ ।
- खेलकुद विकासका लागि खेलकुदसंग सम्बन्धित संघ संस्थाहरुसंग समन्वय र सहकार्यगरिनेछ ।
- अत्यावश्यक स्वास्थ्य सेवाको पहुँच विस्तार गरि गुणस्तर अभिबृद्धि गर्ने कार्य गरिनेछ ।

- शहरी स्वास्थ्य केन्द्रहरु क्रमिकरुपमा थप्दै प्रत्येक वडाका जनताहरुलाई स्वास्थ्य सेवाको पहुंचमा ल्याइनेछ ।
- स्वास्थ्य बिमा कार्यक्रमको व्यापक प्रचार प्रसार गरिनेछ ।
- पूर्ण खोपयुक्त नगर सुनिश्चितता कार्यक्रम गरिनेछ ।
- पूर्ण सरसफाई अभियान संचालन गरिनेछ ।
- प्रयोगशाला नभएका बेलुवा र बटनपुर स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा संचालन गरिनेछ ।
- मातृ तथा शिशु मृत्युदर घटाउन शहरी स्वास्थ्य केन्द्रहरुमा थप बर्थिङ्ग सेण्टर सञ्चालन गरि Zero Home Delivery(शुन्य घर सुत्केरी) न.पा. घोषणा अभियान शुरुवात गरिनछ ।
- योग र स्वास्थ्य सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- आर्थिक, सामाजिक, लैङ्गिक रुपमा पछाडी परेका महिला बालबालिका, दलित, जेष्ठ नागरिकहरुको स्वास्थ्य स्थिति सुधारमा जोड दिईनेछ ।
- थारु जातिमा देखिने सिकलसेल एनिमिया रोग समयमा नै पत्ता लगाउने उद्धेश्यले टीकापुरमा नै प्रयोगशाला स्थापना गर्न पहल गरिनेछ ।
- भिन्न क्षमता भएका व्यक्तिहरु, विपन्न पिछडिएका महिलाहरुका लागि आयआर्जन सम्बन्धी सीपमूलक कार्यक्रम सञ्चालन गरिनुका साथै लक्षित वर्गलाई सरकारी सेवामा उनीहरुको सहभागिता अभिवृद्धिका लागि लोकसेवा आयोग परीक्षा तयारी कक्षा सञ्चालन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई सहज र सरल बनाईनेछ ।
- भिन्न क्षमता भएका व्यक्तिहरुलाई सर्वसुलभ तरिकाबाट परिचय पत्र वितरण गर्ने व्यवस्था गरिनेछ ।
- मानव बेचबिखननियन्त्रण र लैङिक हिंसा सम्बन्धि घटनाहरु न्युनिकरण गर्न (Hoarding Board) होर्डिंग बोर्डहरु राखिनेछ ।
- नगर क्षेत्र भित्रका ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण तथा विकासमा जोड दिईनेछ
- जातिय संग्राहलय संचालन तथ प्रर्वद्धन गरिनेछ ।
- सरसफाई कार्यलाई प्रभावकारी बनाउन सरसफाई सप्ताहहरु मनाईनेछ ।
- प्लाष्टिकजन्य वस्तुको प्रयोगलाई निरुत्साहित गर्दै क्रमश: निश्चित क्षेत्र तोकी उक्त क्षेत्रलाई प्लाष्टिक निषेधित क्षेत्र घोषणा गर्दै लगिनेछ ।
- सरकारी तथा गैर सरकारी संघसंस्थाहरुले न.पा.बाट स्वीकृती गराई कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
- सामूदायिक तथा निजि विद्यालयहरुमा सामाजिक रुपमा पछि परेका दलित अल्पसंख्यक लोपोन्मुख सिमान्तकृत जातजातीको समाबेशी प्रतिनिधित्व गराउने ब्यवस्था गरिनेछ ।
- निजि बिद्यालयमा नेपाल सरकारले ब्यवस्था गरेको १० प्रतिशत छात्रवृती दिनु पर्ने ब्यवस्था कडाईका साथ अनुगमन गरिनेछ ।
- थारु भाषा र संस्कृतिको प्रवर्द्धन तथा संरक्षण गर्ने निति लिईनेछ ।

### ५. सार्वजनिक सेवा तथा क्षमता सम्वन्धि नीति :

- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनव्यवस्थाको अभ्यास गर्दै सङ्घ, प्रदेश र स्थानीय तह बीच सुमधुर अन्तर सरकार सम्वन्ध कायम गर्नका लागि सहकारिता, सह अस्तित्व र समन्वयमा जोड दिईनेछ
- न.पा.को स्वामित्वमा रहेका, भोगचलन तथा संरक्षरणमा रहेका भवन, जग्गा जमिन र प्राकृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रबर्द्धन गरिनेछ ।

- राज्यले प्राथमिकता दिएको सहभागिता र समावेशी नीतिलाई प्राथमिकताका साथ पालना गर्ने नीतिलिईनेछ ।
- चुस्त दुरुस्त एवं  जनमुखी प्रशासनमा जोड दिईनेछ र समय सापेक्ष संगठन विकास योजना गराई लागु गरिनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन न.पा.को संगठनात्मक क्षमता तथा दक्षता अभिवृद्धि गर्न वृत्ति विकासको अवसर प्रदान गरिनेछ ।
- दण्ड र पुरस्कारको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- नगरपालिकाको काम कार्वाहीमा पारदर्शिताका लागि पत्रपत्रिका, वेभसाइट, सूचना तथा रेडियोबाट प्रकाशन/प्रसारण गरि नगरवासीलाई सुसुचित गरिनेछ ।
- वडा समितिको कार्यालयको कार्य कुशलता र क्षमतामा प्रभावकारीता ल्याउन वडा समितिहरुलाई साधन स्रोत सम्पन्न गराउदै लगिनेछ ।
- सुशासन र पारदर्शिता कायम गर्न आवश्यक उपकरणहरु (सि.सी.क्यामरा) जडान गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।
- सेवाग्राहीहरुलाई सहज र सुलभ तरिकाले सेवा प्रदान मुख्य कार्यालयमा हेल्पडेस्क खडा गरिनेछ ।
- जनप्रतिनिधिलाई जनता प्रति उत्तरदायि बनाउन र जनताको पिरमर्काको सुनुवाई गर्न जनता संग मेयर कार्यक्रम संचालन गरिनेछ ।
- विभिन्न शहरहरुसंग पारस्परिक सहयोग, अनुभव आदान प्रदान गर्न भगिनी सम्बन्ध स्थापना गरिनेछ
- टीकापुर नगरपालिकाको निश्चीत क्षेत्रलाई वाईफाई जोन घोषणा गरि सर्व सुलभ ईन्टर नेट सेवा उपलब्ध गरिनेछ ।
- शिक्षा, स्वास्थ्य, कृषि, वातावरण, अर्थ तथा अन्य बिषयसंग सम्बन्धित विशेषज्ञहरु संग नगर विकासमा साथ र सहयोग लिईनेछ ।
- भ्रष्टाचार मुक्त सहनशिलताको नीति लिईनेछ ।

**नगर सभाका उपाध्यक्ष तथा सदस्यज्यूहरु,**

अव म आय व्ययको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु ।

**क) आ.व.२०७३/७४को यर्थाथ आय व्यय विवरण :-**

| आ.व.२०७३/७४ को यथार्थ आय व्ययको विवरण | | | | | |
|---|---|---|---|---|---|
| **आय शिर्षक** | **संशोधित आय अनुमान** | **आय** | **व्यय शिर्षक** | **संशोधित व्यय अनुमान** | **व्यय** |
| आन्तरिक राजश्व | २७५०००००।०० | ३०४२१७२९।४० | चालू खर्च | ९०४५५६०२।०० | ११५३०१०२२।७३ |
| राजश्व बांडफांड | ७५०००००।०० | ८९४५०१२।०० | पुंजिगत खर्च | १११९५०११६।१५ | १२९९३६२४९।४० |
| बैक मौज्दात | १२४३१५७६।१५ | १२४३१५७६।१५ | धरौटी खातामा फिर्ता | | १४८२००।०० |
| | | | को.ले.नि.का मा फिर्ता | | ७८११६४।५२ |
| बाह्य श्रोत | १५४९७४१४२।०० | २१४७३७०६३।०६ | वैंक मौज्दात | | २०३६८७४३।९६ |
| **जम्मा** | **२०२४०५७१८।१५** | **२६६५३५३८०।६१** | **जम्मा** | **२०२४०५७१८।१५** | **२६६५३५३८०।६१** |

**ख) आ.व.२०७४/७५ को लागि प्रस्तावित आय व्यय विवरण :**

यस आ.व.का लागि विभिन्न स्रोतवाट व्यहोरीने गरी निम्नानुसार **कुल रु. ६१,८७,७०,२०२।९१** वजेट अनुमान गरीएको छ ।जसमध्ये **चालु तर्फ रु.२८,८५,६३,०००।-** (**४६.६३ प्रतिशत**) र **कार्यक्रमगत र पूजीगत तर्फ रु. ३३,०२,०७,२०२।९१** (**५३.३७ प्रतिशत**) प्रस्ताव गरीएको छ । प्रशासनिक चालु खर्च, सामाजिक सुरक्षा कार्यक्रम खर्च, सर्सत र विशेष अनुदान वाहेकको रकमलाई समपुरक कोष तर्फ ३० प्रतिशत नगरस्तरीय योजनाका लागि ३५ प्रतिशत र वडागत योजनाका लागि ३५ प्रतिशत रकम विनियोजन गर्ने नीति लिइएको छ ।

## आ.व.२०७४/७५को लागि प्रस्तावित आय व्यय विवरण
## अनुसूची -१

**आय तर्फ**

| संकेत | शीर्षक | आ.व.२०७४/७५ को लक्ष्य | कैफियत |
|---|---|---|---|
| क | आन्तरिक राजस्व | ३,५०,००,०००.०० | अनुसुची ३ |
| ख | राजस्व बाँडफाँड | १,००,००,०००.०० | |
| ग | गत वर्षको नगद मौज्दात | २,२१,९६,२०२.९१ | |
| **१** | **नेपाल सरकारबाट प्राप्त अनुदानः** | | |
| १.१ | वित्तीय समानीकरण अनुदान | ३१,३८,८३,०००.०० | |
| १.२ | सशर्त अनुदान - शिक्षा , स्वास्थ्यर कृषि | ११,०९,३१,०००.०० | |
| १.३ | विशेष अनुदान (सामाजिक सुरक्षा कार्यक्रम) | ११,१३,००,०००.०० | |
| १.४ | विशेषअनुदान (सडक बोर्ड नेपाल कार्यक्रम) | ४७,००,०००.०० | |
| १.५ | विशेष अनुदान (सौर्य सडक बत्ती) | ५०,००,०००.०० | |
| १.६ | विशेष अनुदान (नगर विकास कोष) | ५७,६०,०००.०० | |
| २.० | प्रदेश सरकारबाट प्राप्त अनुदान | ०.०० | |
| ३.० | अन्य स्थानीय तहबाट प्राप्त अनुदान | ०.०० | |
| **घ** | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **५५,१५,७४,०००.००** | |
| **ङ** | **जनसहभागिता** | ० | |
| | **कुल जम्मा आय** | **६१,८७,७०,२०२.९१** | |

## अनुसूची -२
## व्यय तर्फ :

| क्र.स | शीर्षकको नाम | चालु खर्च | कार्यक्रमगत र पुजीगत खर्च | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार्यालय सञ्चालन तथाप्र शासनिक - केन्द्र | ६,१२,१५,९०० | ० | ६,१२,१५,९०० | |
| २ | केन्द्रिय – समपुरक कोष | ० | ८,९४,७६,५७१ | ८,९४,७६,५७१ | |
| ३ | विशेष अनुदानवाट सचालीत हुने कार्यक्रम | ११,१३,००,००० | १,५४,६०,००० | १२,६७,६०,००० | |
| ४ | नगर स्तरीय आयोजना | ० | १२,३६,४४,९७८/९१ | १२,३६,४४,९७८/९१ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | विषयगत रुपमा शशर्त - शिक्षा | ७,३४,७५,००० | ० | ७,३४,७५,००० | |
| ६ | विषयगत रुपमा शशर्त - स्वास्थ्य | ३,५८,५७,००० | ३,६८,००० | ३,६२,२५,००० | |
| ७ | विषयगतरुपमा शशर्त - कृषि तथा पशु | १२,३१,००० | ० | १२,३१,००० | |
| ८ | वडास्तरीय कार्यक्रम | ५४,८४,१०० | १०,१२,५७,६५३ | १०,६७,४१,७५३ | |
| | जम्मा | **२८,८५,६३,०००** | **३३,०२,०७,२०२/९१** | **६१,८७,७०,२०२/९१** | |

उपरोक्त अनुमानित आयव्यय विवरण सम्वन्धि विनियोजन विधेयक नगरसभाका सदस्यज्यूहरुलाई उपलव्ध गराईएको छ । वडागत खर्च अनुमान र नगर स्तरीय योजनाहरुको विवरण नगरसभावाट पारीत भए पछि सार्वजनिक गरीनेछ ।

आन्तरीक आयतर्फ अनुमान गरीएको रु. ३ करोड ५० लाख मध्ये विभीन्न सेवा सुल्क, एकीकृत सम्पतिकर र अन्य कर दस्तुरहरुको दररेट समावेश गरीएको विवरण -आर्थिक ऐन-२०७४, अनुसूची सहित सभामा उपलव्ध गराईएको छ राजस्व परामर्श समितिको सिफारिसका आधारमा नगर कार्यपालिकाको वैठकबाट करका दरहरुमा सामान्य परीवर्तन गरीएका छन । एकिकृत सम्पतिकरमा कुनै परीवर्तन गरीएको छैन । चालु आ.व.२०७४/७५ देखी वडा नं. ६, ७, ८ र ९मा समेत एकीकृत सम्पतिकर लागु गरीएको छ ।

प्रस्ताव गरीएका करका दरहरु मिति २०७४ साल भाद्र २७ गतेवाट लागु हुने गरी प्रस्ताव गरीएको छ । उल्लेखीत दरमा नपरेका करहरुको हकमा नगरसभावाट अनुमोदन हुने गरी नगर कार्यपालिकाबाट दर तोकी लागु गरीनेछ ।

**नगर सभाका उपाध्यक्ष तथा सदस्यज्यूहरु,**

बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा हाम्रो आग्रहलाई स्वीकार गरी वैठक तथा छलफलमा उपस्थित भै उल्लेखनीय सहयोग गर्नु हुने नगर कार्यपालिकाका सदस्यज्यूहरु, वडा अध्यक्षज्यूहरु, विभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, विषयगत कार्यालयका प्रमुखज्यूहरु, पत्रकार तथा अन्य महानुभावलाई विशेष आभार व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु । त्यस्तै नगर सभा सम्पन्न गर्न जुनसुकै समयमा पनि कार्यमा खटिई सहयोग गर्नुहुने कार्यकारी अधिकृत लगायत अन्य सम्पूण कर्मचारीज्यूहरु, सामाजिक परिचालकलाई समेत धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा हामीलाई निरन्तर र रचनात्मक सुझाव तथा सल्लाह दिई हौसला प्रदान गर्नु हुने आदरणीय व्यक्तित्वहरु तथा नगरवासीहरुप्रति पनि कृतज्ञता ज्ञापन गर्न चाहन्छु । हाम्रो निमन्त्रणालाई स्वीकार गरी प्रथम नगर सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने सवै आमन्त्रित वर्गलाई धन्यवाद दिन चाहन्छु

प्रस्तुत वजेट र कार्यक्रमको कार्यान्वयनको निम्ति यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिई टीकापुर नगरपालिका अगाडी वढ्ने विश्वास दिलाउँदै नीति, कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरु सवैको सहयोग निरन्तर रहनेछ भन्ने अपेक्षा गरेका छौं ।

**धन्यवाद ,**

**दिनांक २०७४ साल भाद्र २६ गते सोमवार**

तपेन्द्र वहादुर रावल

**नगर प्रमुख**

टीकापुर नगरपालिका टीकापुर, कैलाली

निर्णय नं.**३ :** नगर सभामा पेश भएका देहाय बमोजीमका थप नीतिहरुलाई निर्णय नं २ का नीतिहरुमा समावेश गर्ने निर्णय गरियो ।

१. लोपोन्मुख जाती, भाषा र संस्कृतिको संरक्षण गरिनेछ ।
२. सतमोहरी तालको संरक्षण तथा संरक्षण गरिनेछ ।
३. वडा नं.७ स्थित वि.पी.निकुञ्जलाई संरक्षण तथा संवर्द्धन गरिनेछ ।
४. पद्मप्रकाशेस्वर मन्दिरको संरक्षण तथा संवर्द्धन गरिनेछ ।
५. वडा नं.५ स्थितखेलकुद रंगशालाको विकास गरिनेछ ।
६. वडा नं.७ स्थित कर्णाली नदीले छोडेको करिव ३० विगाहा जमिनको संरक्षण तथा संवर्द्धन गरिनेछ ।

**निर्णय नं. ४ :** टीकापुर नगर कार्यपालिकाको बैठकबाट विभिन्न मितिमापारित गरिएका तपसिल बमोजिमका ऐन, नियम, नियमावली, दिग्दर्शन, विनियम, कार्यविधि, तथा आचार सहिंता अनुमोदन/स्वीकृत/पारित गर्ने निर्णय गरियो ।

**तपसिल :**

१.टीकापुर नगर कार्यपालिकाका निर्णय वा आदेशर अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली,२०७४
२.टीकापुर नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४
३.टीकापुर नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४
४.टीकापुर नगर कार्यपालिकाको बैठक संचालन कार्यविधि, २०७४
५.टीकापुर नगरपालिकाको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४
६.टीकापुर नगर कार्यपीलिकाको नगर सभा संचालन कार्यविधि, २०७४
७.टीकापुर नगरकार्यपालिकाका पदाधिकारीको आचार सहिंता, २०७४
८.टीकापुर नगर कार्यपालिकाका कर्मचारीको आचार सहिंता, २०७४
९. टीकापुर नगर पालिकाको आर्थिक ऐन, २०७४
१०.टीकापुर नगर पालिकाको विनियोजन ऐन, २०७४

**निर्णय नं. ५ :** यस टीकापुर नगरपालिकाको लागि पेश भएको संगठन स्वरुप, कर्मचारीको साविक बमोजिमको दरबन्दी विवरण स्वीकृत गर्दै नगरपालिकाको संगठन विकास योजनाको विस्तृत अध्ययन भई कर्मचारी समायोजनको कार्य भई सकेपछि उक्त शाखामा रहने दरबन्दी स्वीकृत गर्ने अधिकार नगर कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :** स्वीकृत दरवन्दी अनुसारका कर्मचारीहरुलाई नेपाल सरकारले निर्धारित गरे अनुसारको तलव भत्ता तथा साविक बमोजिमको स्थानीय भत्ताको आधार बमोजिम तयार पारिएको चालु आ.व.२०७४/७५ को संलग्न वार्षिक तलवी प्रतिवेदनलाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो । साथै विषयगत कार्यालयबाट पछि समायोजन भई आउने कर्मचारीहरुको तलबी प्रतिवेदन पास गर्ने अधिकार नगर कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :** यस कार्यालयमा विभिन्न मिति देखि हाल सम्म अविछिन्न रुपमा सेवा करारमा कार्यरत शहरी स्वास्थ्य प्राविधिक, कार्यालय सहयोगी, स्वास्थ्यकेन्द्र, फोहरमैला व्यवस्थापन, यन्त्र उपकरण संचालक, विद्युत, पार्क लगायत यस सेवामा रहेका सम्पूर्ण सेवा करारमा रहेका कर्मचारीहरुको म्याद अर्को व्यवस्था नभए सम्मको लागि मिति २०७५ असार मसान्त सम्म थप गर्ने र निजहरुलाई हाल सम्म भुक्तानी गरिएको तलब भत्ताको रकमलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै पार्कमा कार्यरत सेवा करारका कर्मचारीहरुको मिति

२०७४ कात्तिक १ गते देखि लागु हुने गरी हाल खाईपाई आएको मासिक तलवमा २५ प्रतिशत रकम वृद्धि गर्ने र टीकापुर बंगला पार्कमा कार्यरत ईन्चार्ज सार्वजनिक विदा र अन्य दिनमा समेत अतिरिक्त समय (बिहान ५.३० बजे देखि साँझ ७.०० बजे सम्म) खटीई काम गर्नु पर्ने भएको हुदा त्यसरी पार्कमा खटी काम गर्ने ईन्चार्जलाई प्रति दिन रु. १५०।- का दरले चिया, खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८ :** खानेपानी, कार्यालय हेरचाह, विद्युत, प्राविधिक, फोहरमैला व्यवस्थापन, यन्त्र उपकरण संचालन गर्ने जस्ता कार्यका लागि आवश्यक सेवा लिन नियमानुसार सेवा करार सम्बन्धी कार्यविधि अपनाई सेवा करारमा लिने निर्णय गरियो ।

**निर्णय नं. ९ :** यस नगर सभाबाट कर, दस्तुर, शुल्क तथा अन्य राजश्वको दर कायम गर्न छुट भएको विषयको हकमा आगामी नगर सभाबाट अनुमोदन हुने गरी नगर कार्यपालिकाबाट दर तोकी लागु गर्न नगर कार्यपालिकालाई अधिकार प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :** नगर क्षेत्र भित्र व्यवसाय गरी बसेका तर करका दायरामा आवद्ध नभएका सबै करदाताहरुलाई करको दायरामा ल्याउन करदाता सचेतना र करदाता शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने र कर संकलनका लागि घरदैलोमा टोली परिचालन गर्ने कार्यका साथै नियमित तथा समयमै कर तिर्ने करदातालाई सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :** टीकापुर नगरपालिका वडा नं. ५ र ९ मा नगर स्वास्थ्य केन्द्र स्थापनाका लागि स्वास्थ्य मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :** एम्बुलेन्स खरिदका लागि सम्बन्धित निकायमा बजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३ :** टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालया स्वीकृत दरबन्दी भित्र रहेका कर्मचारीहरुलाई गत विगत बाट खाईपाई आएको रकमलाई नै निरन्तरता दिई मासिक रुपमा तलवको १५ प्रतिशतको दरले कर्मचारी प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १४ :** टीकापुर नगरपालिकाको दमकल उपशाखामा दमकलमा कार्यरत कर्मचारीहरुलाई गत विगत देखि खाद्यन्न स्वरुप उपलब्ध गराउँदै आएको मासिक रकम रु. ३,०००।- (अक्षेरुपी तीन हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १५ :** टीकापुर नगरपालिकाको आ.व.२०७३/७४ को वार्षिक जिन्सी निरीक्षण प्रतिवेदन स्वीकृत गरियो साथै उक्त जिन्सी निरीक्षण प्रतिवेदन अनुसार सामानहरुको उचित समयमा मर्मत सम्भार गर्ने र लिलाम बिक्री गर्ने कार्यलाई निरन्तरता प्रदान गर्नुका साथै प्रचलित कानु बमोजिम सरकारी कागजात धुल्याउने सम्बन्धी कारवाही अगाडी बढाउन नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १६ :** टीकापुर नगर कार्यपालिकामा  कार्यरत सबै करार कर्मचारीहरुको सुविधा सम्बन्धमा एक महिनाको तलव बराबर चाडपर्व खर्च र नेपाल सरकारको नियमानुसार पोशाक भत्ता उपलब्ध गराउने निर्णय गरियो । साथै उल्लेखित सुविधाहरु को अतिरिक्त अन्य सुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम उपलब्ध गराउने  निर्णय गरियो ।

**निर्णय न. १७** : यस कार्यालयमा कार्यरत चौकीदार कर्मचारीहरुले यस कार्यालयको पालोपहरा गर्दा सार्वजनिक विदाका दिनमा पालोपहरा गरेवापत दैनिक रु.१५०।- उपलब्ध गराउँदै आएकोमा उक्त रकममा रु.५०।- थप गरी रु.२००।- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १८ :** यस नगरपालिकाको छाडा चौपाया नियन्त्रण गर्नका लागि यहि मिति २०७४ असोज २ गते देखि अभियानको रुपमा संचालन हुन गईरहेको छाडा चौपाया नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाउन गाई, गोरु, बाच्छा र बाच्छी पाल्ने किसानहरु पशु बीमा कार्यक्रममा आवद्ध भए वापत गाई, गोरु, बाच्छा र बाच्छीको बीमा रकम चालु आर्थिक वर्ष २०७४।७५मा किसानले तिर्नुपर्ने बीमा प्रिमियम रकम नगरपालिकाले बीमा कम्पनीलाई उपलब्ध गराउने  निर्णय गरियो ।

**निर्णय नं. १९ :** यस कार्यालयद्धारा गत आ.व.२०७३/७४ मा सञ्चालन गरी सोही आ.व.भित्र सम्पन्न भई जाँचपास तथा फरफारक समितिबाट सिफारिस भै आएका सम्पूर्ण योजनाहरुको विवरणहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २० :** गत आ.व.२०७३/७४ मा सम्पन्न गरिएका सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण लगायत अन्य कार्यक्रमहरुको प्रतिवेदनबाट पेश भई आएका राय सुझावलाई आत्मसात गरी आगामी दिनहरुमा उक्त सुझावहरु कार्यान्वयन गर्दै लैजाने निर्णय गरियो ।

**निर्णय नं. २१** : टीकापुर नगरपालिकाबाट गठन भै हाल सम्मको अवधिमा समेत क्रियाशिल रहेका कानूनमा व्यवस्था भएका अतिरिक्त जाँचपास तथा फरफारक समिति, बोलपत्र मूल्यांकन समिति, आन्तरिक आय सम्बन्धी बोलपत्रको मूल्यांकन समिति, खरिद ईकाई समिति, योजना अनुगमन समितिलाई प्रभावकारी बनाउन कार्यविधि अनुसार समिति गठन गर्न नगर कार्यपालिकालाई अधिकार प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२ :** यस कार्यालयको चालु आ.व.२०७४/७५ को स्वीकृत वार्षिक कार्यक्रमका कतिपय विषयगत कार्यालयहरुका कार्यक्रम तथा बजेट समावेश हुन नसकेको अवस्थामा यसको कार्यान्वयन गर्दा जटिलता आउन सक्ने देखिएकोले विषयगत कार्यालयको बजेट तथा कार्यक्रम समावेश, थपघट गर्न तथा आवश्यक्ता अनुसार अन्य कार्यक्रम तथा बजेट समावेश तथा थपघट गर्नुपर्दा आवश्यक्ता र औचित्ययताको आधारमा अधिवेशनमा पेश गर्न तथा नगर सभामा नबसेको अवस्थामा नगर सभाले गर्ने कार्य गर्नको लागि नगर कार्यपालिकालाई अकिार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३ :** विभिन्न मितिमा विभिन्न प्रयोजनका लागि गठन हुने समितिले पेश गरेका प्रतिवेदनहरुको कार्यान्वयनको प्रक्रियामा लैजाने र त्यस्ता प्रतिवेदनलाई अनुमोदनका लागि त्यस पछि बस्ने नगर सभामा पेश गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४ :** टीकापुर नगरपालिकाको मिति २०७३।०९।२५ गते देखि २०७४।०४।०५ गते सम्म भए गरेका सम्पूर्ण निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५ :** नगरसभा, नगर कार्यपालिका तथा कार्यालयलाई विपक्षीबनाई विभिन्न अदालतहरुमा पेश हुने रिट निवेदनका सम्बन्धमा उक्त अदालतबाट लिखित जवाफ माग भै आएमा लिखित जवाफ पेश गर्ने लगायत उक्त रिट निवेदनबमा सम्पूर्ण कार्य गर्ने अख्तियारी नगर कार्यपालिको कार्यालयका कार्यकारी अधिकृतलाई प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६ :** नगर कार्यपालिकाको मिति २०७४।०४।०६ गते देखि मिति २०७४।०५।२५ गते सम्म विभिन्न विषयमा गरेका निर्णयहरुको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२७ :** राष्ट्रिय भवन सहिंता, २०६०, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड, २०७२ र परिमार्जित सडकको सडक क्षेत्र अधिकार (Right of Way) २०७२ लाई कार्यान्वयनमा ल्याई प्रभावकारी बनाउने र भवन सहिंता विना गरेका घरहरु मध्ये कुनै घरधनीले आफ्नो घर भुकम्पबाट जोगाउन सवलीकरण (Retrofitting) गर्न चाहेमा लाग्ने दस्तुरमा ५० % छुट गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८ :** यस नगरसभाले पारित गरेका आर्थिक ऐन, विनियोजन ऐन, विभिन्न दफामा गरेका निर्णयहरु तथा नगरसभामा पेश भई पारित भएका नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा कुनै कार्यविधि बनाउन आवश्यक भएमा त्यस्ता कार्यविधि बनाई लागु गर्न नगर कार्यपालिकालाई स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९ :** गैर सरकारी संस्थाहरुबाट यस नगरपालिका क्षेत्रभित्र कार्यान्वयन गर्ने गरी पेश भएका कार्यक्रमहरुलाई पारित गर्ने निर्णय गरियो । साथै नगरपालिका क्षेत्रभित्र कार्यक्रम कार्यान्वयन गर्न छुट भएका अन्य संघसंस्थाहरुका कार्यक्रमहरु पेश भएपछि पारित गरी कार्यान्वयनमा लैजाने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३० :** नगर स्तरीय योजना, कन्टीन्जेन्सी र सम्पूरक कोष तर्फ र अन्य अनुदान र सशर्त अनुदान कार्यक्रम तथा योजनाहरु छनौट गरी उक्त कार्यक्रम तथा योजना र विनियोजन रकम यसपछि हुने नगरसभा बाट अनुमोदन हुने गरी नगर कार्यपालिकालाई खर्च गर्ने अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१ :** यस नगरपालिकामा व्यवस्थित ढल निर्माण तथा व्यवस्थापनको लागि खानेपानी तथा ढल निकास विभाग, ढल निकास तथा व्यवस्थापन शाखा र यस न.पा.को सहकार्यमा संचालन हुने योजनाको लागत अनुमान बमोजिमको रकममा १५ प्रतिशत लागत सहभागिता व्यहोर्ने प्रतिवद्धता जनाउने निर्णय गरियो ।

**निर्णय नं. ३२ :** यस नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुको नियमित वृत्ति विकासका लागि आवश्यक बजेट सहित कार्ययोजना बनाई लागु गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३ :** सम्बन्धित वडा समितिको कार्यालय मार्फत यस नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न सार्वजनिक जग्गा, ताल तलैया, कुलोपैनी, वनजंगल लगायत मठ मन्दीर, चोक चौतारा आदीको लगत संकलन गरी संरक्षण/व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३४ :** यस टीकापुर नगर कार्यपालिकाको सम्पूर्ण वडाहरुमा ब्यक्तिगत घटना दर्ता प्रभावकारी रुपमा संचालन गर्न र जनचेतना मुलक कार्यक्रम गर्ने र साथै बिद्युतीय प्रणाली मार्फत घटना दर्ता गर्ने सरकारको नीति रहेकोमा सम्पूर्ण वडा कार्यालयहरुमा आवश्यक साधन श्रोतको ब्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३५ :** यस कार्यालयको बिपद ब्यवस्थापन कोषबाटयस टीकापुर कार्यपालिका क्षेत्र भित्रका बाढी तथा अन्य प्राकृतिक प्रकोपबाट ज्यान गुमाउने ब्यक्तिको पिडित व्यक्तिका २ (दुई) परिवारलाई एकमुष्ट रु.२०,०००।०० (अक्षेरेपी विस हजार ) नगदै राहत स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३६ :** नगरका ग्रामिण क्षेत्रको स्वास्थ्य क्षेत्रमा सेवा पुऱ्याउदै आएका महिला स्वास्थ्य स्वयं सेवीकाको क्षमता विकास कार्यक्रम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३७ :** आ.व.२०७३/०७४ देखि लागु भएको फोहरलाई श्रोतमै वर्गिकरण गर्ने नमुना कार्यलाई निरन्तरता दिदै चालु आ.व.२०७४/७५ देखि निजी क्षेत्र तथा नागरिक समाज संगको सहकार्यलाई बढी प्राथमिकता दिने निर्णय गरियो ।

**निर्णय नं. ३८ :** यस न.पा.मा उत्पादन हुने फोहर व्यवस्थापनका लागी निजी क्षेत्र जस्तै संघ संस्था, टोल विकास संस्था,वडा नागरिक मञ्च, आमा समुहसंगको सहकार्य गर्ने कार्यलाई अझ बढी प्रभावकारी बनाउन फोहर व्यवस्थापन कार्यमा निजी संघ सस्थाले कोष निर्माण गरि कोष निर्माण गरेमा न.पा.वाट उक्त कोषमा शतप्रतिशत रकम थप गर्ने नीति अबलम्बन गर्ने र उक्त कार्यकालागि फोहरमैला व्यवस्थापन शिर्षकमा विनियोजित रकमबाट खर्चको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ३९ :** टीकापुर बृहत उद्यान (बंगला पार्क) लाई व्यवस्थित रुपमा सञ्चालन, प्रवर्द्धन एवं विकास तथा विस्तार गर्न पार्कवाट प्राप्त हुने सवारीकर, पर्यटन सेवा शुल्क एवं यस न.पा.का चिन्ड्रेन पार्क लगायतका पार्क सञ्चालनका लागी छुट्टै कोष निर्माण गरी पार्क सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४० :** खाद्य जन्य हानीकारक चिज वस्तुको सार्वजनिक प्रयोग, विक्री वितरणमा रोक लगाउने प्रयोजनका क्रममा नियमित हुनेगरेको वजार अनुगमन प्रतिवेदनबाट देखिएका समस्या तत्काल समाधान गर्ने, त्यस्ता जनस्वास्थ्यमा हानी नोक्सानी पुऱ्याउने चिज वस्तु विक्री वितरण गर्ने व्यक्ति, व्यापारी तथा व्यवसायीलाई नियमानुसार दण्डीत गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ४१ :** विगत आ.व.मा बनेको प्रकोप/बिपद् व्यवस्थापन योजना बमोजिम नै यस आ.व.मा पनि प्रकोप/बिपद् व्यवस्थापन सम्बन्धी क्रियाकलाप सञ्चालन गर्ने र प्रकोप/बिपदका घटनाहरुको व्यवस्थापनका लागी विपद व्यवस्थापन कोषबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४२ :** टीकापुर बृहत उद्यान (बंगला पार्क) को प्रवर्द्धन, बिकास एवं बिस्तारका लागी गुरुयोजना निर्माणका साथसाथै प्रारम्भीक वातावरणीय परिक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी बिस्तृत अध्ययन यसै आ.व.मा नै गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४३ :**.यस नगरपालिकाबाट उत्पादन हुने फोहरमैला व्यवस्थापनका लागी निम्नानुसारका सम्भावीत क्षेत्रमा सानेटरी ल्याण्डफिल साईड निर्माण गर्न प्रारम्भीक वातावरणीय परिक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी बिस्तृत अध्ययन गराउने  निर्णय गरियो ।

क. टीकापुर नगरपालिका वडा नं. ५ को उपयुक्त स्थान

ख. टीकापुर नगरपालिका वडा नं.३ को दक्षिण पश्चिम तर्फको क्षेत्र

ग. नजिकका छिमेकी गाउँ पालिका तथा न.पा.को सहकार्यमा उपयुक्त स्थान

**निर्णय नं. ४४ :** यस नगरपालिकाको सरसफाई व्यवस्थापन गर्नका लागी निम्नानुसार सहयोग गरि दिन फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र, श्रीमहल, पुल्चोक ललितपुरमा अनुरोध गर्ने निर्णय गरियो ।

क. फोहर वाहन ।

ख. फोहरमैला व्यवस्थापन बिबिध कार्यका साथै फोहरमैला व्यवस्थापन ऐन कार्यान्वयन सम्बन्धी जन चेतनामूलक कार्यक्रम सञ्चालन गर्न ।

ग. ल्याण्डफिल साईटको अध्ययन तथा व्यवस्थापनका लागि रकम माग गर्ने ।

घ. फोहरमैला व्यवस्थापनका लागी आवश्यक पर्ने प्राविधिक सहयोग माग गर्ने ।

ङ. नगर क्षेत्र भित्र का शौचालयहरुको सेफ्टी टंयाङ्की सफाई गर्न सक्सन पम्पको आवश्यकता देखिएकोले १ (एक) थान सक्सन पम्प माग गर्ने ।

**निर्णय नं. ४५ :** टीकापुर नगरपालिका वातावरणीय अनुकूलन (LAPA) को प्रस्तावित कार्ययोजना बमोजिम सरोकारवाला निकायहरु वीच समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४६ :** यस नगरपालिका क्षेत्र भित्र रहेका अपाङ्गहरुको लगत संकलन तथा अध्यावधिक गर्ने र अपाङ्गहरुका लागी आवश्यक अन्य सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४७ :** नगरपालिकाले नगरवासीहरुको लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ मा ब्यबस्था भए बमोजिम नियमन सेवा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४८ :** यस नगरपालिकाका प्रशासनिक भवन  (नगरपालिका कार्यालय) कम्पाउण्ड भित्रको सरसफाई लगायत हरियाली वृद्धि, क्यारी (फुल रोप्न) निर्माण तथा फुलका वोट विरुवा रोप्न आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ४९ :** Polluter should Pay(प्रदुषण वा फोहर गर्नेले तिर्नु पर्दछ) भन्ने सिद्धान्तलाई प्रभावकारी रुपमा लागु गरी नगरको दैनिक सरसफाई, फोहरमैलाको संकलन तथा ब्यवस्थापनमा निजी क्षेत्र एवं सामाजिक संघ, संस्थाहरु लाई प्रभावकारी रुपमा परिचालन गरी नगरपालिकाको वातावरणमा सुधार ल्याउन वातावरण संरक्षण विशेष कोषको स्थापना समेत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५०** : नगरक्षेत्रका बाल श्रमिक विरुद्ध जनचेतना अभिबृद्धि गर्न चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५१** : नगर क्षेत्रका असाहय बालललिकाको विवरण संकलन तथा अध्यावधिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५२** : दैवी प्रकोप/विपद् व्यवसथापन कोष सञ्चालन कार्यविधि, २०७० (परिमार्जजन सहित) स्वीकृत गरी सो कोष परिचालन गर्दा कार्यविधीमा व्यवस्था भए बमोजिम हुने गरी कोषको रकम परिचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५३** : नेपाल सरकारको नीति बमोजिम टीकापुर नगरपालिकालाई वालमैत्री वनाउन नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट जारी गरिएको बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ तथा बालमैत्री स्थानीय निकाय घोषणा शासनकार्यविधिमा व्यवस्था भए बमोजिमका न्युनतम ३९ वटा सुचकलाई आधार मानी यस नगरपालिका लाई वालमैत्री नगरपालिका घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५४** : टीकापुर नगरपालिकालाई वालमैत्री वनाउन वालवालिका प्रोफाईल निर्माण, वालवालिकाका लागी लगानी योजना, वालवालिकाहरुको स्थीति पत्र निर्माण, आवधिक योजना निर्माण र घोषणा पछिको रणनीतिक योजना तयार गरी प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५५** : वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड २०७२ पहिलो संशोधन (मिति २०७३।१२।२८ मा नेपाल राजपत्रमा प्रकाशित) को बुदा ८.३ अनुसार नगरपालिका बन्नु पूर्व घर नक्सा पास गर्ने प्रवाधान नभएका साविकका गा.वि.स.हरुमा निर्माण भएका भवनहरु यो आधारभुत निर्माण मापदण्ड लागु भएको एक बर्ष भित्र स्थानीय निकायले तोकेको प्रक्रिया अनुसार स्थानीय निकायको अभिलेखमा दर्ता गराउने र अभिलेखीकरण नगरिएका भवनहरुलाई सरकारी अर्धसरकारी वा संस्थाहरुको भाडामा लिन स्वीकृत दिन नसकिने व्यवस्था गरिएको हुदा अभिलेखीकरण गर्नका लागि आगामी २०७४ साल फागुन २६ गते सम्म गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ५६** : श्रोत अनुमान बजेट सिमा निर्धारण समितिको सिफारिस अनुसार नगर कार्यपालिकाबाट वडागत, नगर स्तरिय र समपुरक कोष (म्याचिगं फंड) लगायत बिभिन्न शिर्षकमा बजेट विनियोजनको सिमा निर्धारण तथा बिषगत क्षेत्रको भार सहितको प्रस्तावलाई स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५७** : परामर्शदाता S.D.I.C.नेपालले पेश गरेको राजश्व सुधार कार्ययोजना स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५८ :** यस नगरपालिकाको आफनै स्रोत साधनबाट संचालन गर्न सम्भव नरहेका तपसिल बमोजिमका आयोजनाहरु केन्द्रस्तरमा तथा अन्य सम्बन्धीत निकायमा संचानलका लागि अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल :

| **क्र.स.** | **आयोजनाको नाम** | **आयोजना स्थल** |
|---|---|---|
| १ | टीकापुर वृहत उद्यान पार्कको गुरुयोजना परिसरमा संग्राहालय निर्माण तथा व्यवस्थापन कार्य | वडा नं. ५,नुक्लीपुर |
| २ | दौलतपुरघाटको कर्णाली नदीमा पक्की पुल निर्माण आयोजना । | वडा नं ५ दौलतपुर |
| ३ | सनकटीघाटको कर्णाली नदीमा पक्की पुल निर्माण आयोजना । | वडा नं २ सनकटी |
| ४ | बहिरी चक्रपथको सर्भे, डिजाईन तथा निर्माण आयोजना । | टीकापुर न.पा. |
| ५ | टीकापुर पार्क क्षेत्र घेरा पर्खाल निर्माण कार्य । | वडा नं. ५,नुक्लीपुर |
| ६ | स्यानीटरी ल्याण्फिल साइट (Sanitary Landfill Site) को निर्माण ( संभाव्यता अध्ययन सहित) आयोजना । | टीकापुर |
| ७ | आन्तरीक चक्रपथ (Ring Road) को स्तरोन्ती कार्य | वडा नं.१,टीकापुर |
| ८ | शित भण्डार (Cold Store) निमाण योजना (संभाव्यता अध्ययन सहित) ,वडा नं.१ । | आवश्यक स्थानमा ,टीकापुर |
| ९ | घण्टाघर निर्माण वडा नं. १ | वडा नं.१,टीकापुर |
| १० | ज्ञानी कुलाको ईन्टेकको मुहान देखि बनगाऊ सम्म ज्ञानी कुलोमा दायावाया पक्की तटबन्ध निर्माण वडा नं.१ । | वडा नं.१,टीकापुर |
| ११ | टीकापुर नगरपीलका वडा नं. ५ बंगलापुर स्थित नगर खेलकुद विकास समितिको हातामा रहेको जग्गामा बहुउद्देश्यीय रंगशाला निर्माण आयोजना | वडा नं ५,शान्तिनगर |
| १२ | टीकापुर बसपार्क निर्माण तथा व्यवस्थापन । | वडा नं १, टीकापुर |
| १३ | टीकापुर योगाश्रमको भवन तथा अन्य पूर्वाधार विकास । | वडा नं.१,ब्लक नं १८ |
| १४ | क्वारेन्टाईनचेक पोष्ट स्थापना । | वडा नं. ९, टीकापुर |
| १५ | खकौला नाकामा मुल भन्सार स्थापना । | वडा नं. ९,कैलाली । |
| १६ | चार लेनको पक्की सडक निर्माण ,लम्की टीकापुर खकौला सडक | टीकापुर ,कैलाली । |
| १६ | टिकापुर डुडेभ्रुारी सडक कालो पत्रे सडक निर्माण । | टीकापुर ,कैलाली । |
| १७ | दुग्ध चिस्यान केन्द्र निर्माण । | टीकापुर ,कैलाली । |
| १८ | कृषि बिश्व बिद्यालय स्थापना । | टीकापुर ,कैलाली । |
| १९ | स्मार्ट सिटी निर्माण । | टीकापुर ,कैलाली । |
| २० | एकिकृत शहरि विकास परियोजना | टीकापुर ,कैलाली । |
| २१ | ईलाका प्रशासन कार्यालयको कार्यालय भवन निर्माण आयोजना | टीकापुर ,कैलाली । |
| २२ | सत्तीमा प्रहरी चौकी भवन निर्माण आयोजना | नारायणपुर,कैलाली । |

**निर्णय नं. ५९ :** टीकापुर नगरपालिका वडा नं.१ स्थित रहेको टीकापुर अस्पतालमा कार्यरत डाक्टर र स्टाफ नर्सहरुको सामुहिक निवास भवन निर्माणका लागि नेपाल सरकार स्वास्थ्य मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६० :** यस न.पा. अन्तरगतका विभिन्न वडाहरुमास्वास्थ्य सेवामाकाम गर्दै आउनु भएका महिला स्वास्थ्य स्वयं सेवीकाहरुलाई मासिक रुपमा मुख्य कार्यालयमा प्रगति प्रतिवेदन बुझाउन आउनु पर्ने भएको हुँदा निजहरुलाई प्रोत्साहन स्वरुप मासिक रु.४००।- परिवहन खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६१ :** यस नगरपालिका क्षेत्रमा विभिन्न गैर सरकारी संघ संस्थाहरुले संचालन गरेको कार्यक्रममा समन्वय र सहकार्य गरी नियमित अनुगमन र सुपरिवेक्षण गर्ने निणर्य गरियो ।

**निर्णय नं. ६२ :** चालु आ.व.२०७४।७५ मा यस नगरपालिकालाईसशर्त अनुदानबाट प्राप्त विभिन्न बजेट अपुग भएकाले सोका लागि श्री संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा अर्थ मन्त्रालयमा अनुरोध गर्ने निणर्य गरियो ।

**निर्णय नं. ६३ :** यस नगरपालिकाका प्रत्येक वडाहरुलाई चालु आ.व.२०७४।७५ को वडास्तरिय बजेटबाट संचालन तथा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रम छनौट भई यस कार्यालयमा सिफारिस भएका तपसिल बमोजिमका वडाहरुका तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरु स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६४ :** यस नगरपालिकाको प्रथम नगर सभा वैठकमा उपस्थित भै उल्लेखनीय सहयोग गर्नु हुने नगर कार्यपालिकाका उपाध्यक्ष सहित सदस्यज्यूहरु, वडा अध्यक्षज्यूहरु, विभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, विषयगत कार्यालयका प्रमुखज्यूहरु, पत्रकार, बुद्धिजिवी, समाजसेवी, संघसंस्था तथा अन्य महानुभावलाई विशेष आभार व्यक्त गर्दै धन्यवाद दिनुका साथै नगर सभा सम्पन्न गर्न जुनसुकै समयमा पनि कार्यमा खटिई सहयोग गर्नु हुने कार्यकारी अधिकृतज्यू, कर्मचारीहरु, सामाजिक परिचालक लगायत सम्पूर्णलाई धन्यवाद दिने निर्णय गरियो ।

अनुसुची - १

## टीकापुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

टीकापुर , कैलाली

दरबन्दी तथा पदपूर्तिको अवस्था, आर्थिक वर्ष २०७४/७५

| सि.नं | पद | श्रेणी/स्तर/तह | सेवा | स्वीकृत दरवन्दी | स्थायी दरवन्दी | अस्थायी/ करार पदपूर्ति | स्वीकृत दरवन्दी रिक्तः | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | कार्यकारी अधिकृत | राजपत्रांकित द्धितियश्रेणी | प्रशासन | १ | १ | - | - | * |
| २ | अधिकृत | अधिकृत स्तर छैंठौं तह | प्रशासन | ४ | १ | - | ३ | |
| ३ | ईन्जिनियर | अधिकृत स्तर छैंठौं तह | प्राविधिक | ४ | २ | - | २ | |
| ४ | नायव सुव्वा | सहायक स्तर पांचौं तह | प्रशासन | १० | ७ | - | ३ | |
| ५ | लेखापाल | सहायक स्तर पांचौं तह | प्रशासन | २ | - | - | २ | |
| ६ | सव-ईन्जिनियर | सहायक स्तर पांचौं तह | प्राविधिक | २ | - | - | २ | |
| ७ | नापी निरिक्षक | सहायक स्तर पांचौं तह | प्राविधिक | १ | - | - | १ | |
| ८ | खरिदार | सहायक स्तर चौथौं तह | प्रशासन | ११ | ११ | - | - | |
| ९ | सहलेखापाल | सहायक स्तर चौथौं तह | प्रशासन | १ | - | - | १ | |
| १० | सहायक कम्प्यूटर अपरेटर | सहायक स्तर चौथौं तह | प्राविधिक | १ | १ | - | - | |
| ११ | सूचना सहायक | सहायक स्तर चौथौं तह | प्रशासन | १ | - | - | १ | |
| १२ | अ.सव-इन्जिनियर | सहायक स्तर चौथौं तह | प्राविधिक | २ | २ | - | - | |
| १३ | ऋमिन | सहायक स्तर चौथौं तह | प्राविधिक | २ | १ | १ | - | |
| १४ | प्राविधिक सहायक | सहायक स्तर चौथौं तह | प्राविधिक | २ | २ | - | - | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५ | भैटेनरी जे.टी.ए. | सहायक स्तर चौथौं तह | प्राविधिक | १ | १ | - | - | |
| १६ | मुखिया (वडा सचिव) | सहायक स्तर तृतिय तह | प्रशासन | ५ | ४ | १ | - | |
| १७ | भारी सवारी चालक | श्रेणी विहिन.........स्तर | | ३ | १ | १ | १ | |
| १८ | हलुका सवारी चालक | श्रेणी विहिन........स्तर | | २ | २ | - | - | |
| १९ | फायरमेन | श्रेणी विहिन.........स्तर | | ३ | ३ | - | - | |
| २० | ईलेक्टिसियन | श्रेणी विहिन.........स्तर | | १ | - | १ | - | |
| २१ | का.स./चौकीदार | श्रेणी विहिन.........स्तर | | १४ | ७ | ३ | ४ | |
| २२ | कुचिकार | श्रेणी विहिन.........स्तर | | ६ | ५ | १ | ० | |
| | **जम्मा** | | | **७९** | **५१** | **८** | **२०** | |

नोट : माथी उल्लेखित दरबन्दी विवरण विगत बर्ष देखि कायम रहेको र मिति २०७४/०९ /२४ को नगर परिषद् बाट स्वीकृत भएको तथा २०७४/११/२७ मा गाभिन आएका साविक धनसिंहपुर र नारायणपुर गा.वि.स. मा कार्यरत कर्मचारी र दरबन्दी समायोजन गरिए पछि कायम हुन आएको दरबन्दी ।

टीकापुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

शहरी स्वास्थ्य कार्यक्रम र टीकापुर पार्क अर्न्तगत करार दरबन्दी विवरण

आर्थिक वर्ष २०७४/७५

| सि.नं | पद | श्रेणी/स्तर/तह | दरवन्दी संख्या | कार्यरत संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | हेल्थ असिस्टेन्ट | सहायक स्तर पांचौं तह | १ | ० | |
| २ | अ.हे.ब. | सहायक स्तर चौथौं तह | ३ | ३ | |
| ३ | अ.न.मी. | सहायक स्तर चौथौं तह | १ | १ | |
| ४ | कार्यालय सहयोगी | श्रेणीविहिन .....स्तर | १ | १ | |
| ५ | सुपरभाईजर | श्रेणीविहिन .....स्तर | १ | १ | |
| ६ | माली | श्रेणीविहिन .....स्तर | १ | १ | |
| ७ | चौकीदार | श्रेणीविहिन .....स्तर | २ | २ | |
| ८ | लेवर | श्रेणीविहिन .....स्तर | ८ | ८ | |
| | **जम्मा** | | **१८** | **१७** | |